# जलेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## सडक मर्मत संभार कामदार/समुह आवश्यकता सम्बन्धी सार्वजानिक सूचना

**(प्रथम पटक सूचना प्रकासित मिति २०८२/०६/०५)**

पूर्वाधार विकास कार्यालय, महोत्तरीले जलेश्वर-भोलही सडक र जलेश्वर-जनकपुर सडकको नियमित मर्मत संभार कार्यको लागि सडक मर्मत संभार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ । सडक मर्मत संभार समूह गठन गर्न निम्न संख्यामा मर्मत संभार कामदारहरु आवश्यक भएको छ ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई (कि.मी) | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| जलेश्वर | भोलही | ९.९१ | २ | |
| जलेश्वर | जनकपुर | १२.७० | २ | |

सडक मर्मत समूहका सदस्यहरुले आधारभूत सफाई कार्यहरु साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ । कार्य पूर्णकालिन (full-time) हुनेछ र एक वर्ष अवधिको लागि हुनेछ । यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मत संभार समूह (RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरु राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागु गरिनेछ ।

पूर्वाधार विकास कार्यालय, महोत्तरी मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस जलेश्वर-भोलही र जलेश्वर-जनकपुर सडकको नियमित मर्मत संभार कार्यको लागि यस जलेश्वर नगरपालिकाबाट यस आ.ब. २०८२/०८३ को लागि ४ जना सडक मर्मत संभार कामदार (लेन्थवर्कर) माग भई छनौटका लागि यस नगरपालिकालाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्गबाट ७ (सात) दिने (विदा दिन वाहेक) दरखास्त आव्हान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस नगरपालिका कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थित भई आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्डः**

१. **प्राविधिक मापदण्ड**

- मर्मत संभार कामदारको उमेर कम्तिमा १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत संभार कामदार शारीरिक र मानसिक रुपमा स्वस्थ्य हुनु पर्नेछ र सडक मर्मत संभार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत संभार कामदार मर्मत संभार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ ।

२. **सामाजिक मापदण्ड**

- मर्मत संभार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत संभार कामदार नगरपालिकाको सबै भन्दा गरिब व्यक्तिहरुबाट हुनपर्नेछ ।
- महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ र महिला सहभागितालाई प्रबर्धन गरिनेछ । छनौट गरिएका मर्मत संभार कामदारहरु कम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भए सम्म सबै छनौट गरिएका मर्मत संभार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत संभार कामदार कम्तिमा ४०% दलित, जनजाति, बिपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थान**

- आवेदनको अन्तिम मिति २०८२/०६/२० गते सम्म ।
- समयः कार्यालय समय भित्र
- सम्पर्क स्थानः जलेश्वर नगरपालिकाको कार्यालय

२०८२/०६/०५

रणजित कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत